रोजगार व्यवस्थापन सूचना प्रणालीबाट नियमित रुपमा मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,

(ढ) यस कार्यक्रम अन्तर्गत संचालित आयोजनाको आयोजना स्तरमा सिर्जना हुने विवादहरुको समाधान गर्ने ।

(आ) **गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको योजना शाखा/महाशाखा**

(क) स्थानीय तहका आयोजनाहरुमा रोजगारी सिर्जना सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) नियमित कार्यक्रम बाहेक रोजगारी सिर्जनाका विशेष कार्यक्रमहरु विकास गरी कार्यान्वयन गर्ने,

(ग) यो कार्यक्रम कार्यान्वयनमा रोजगार सेवा केन्द्रसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने,

(घ) यो कार्यक्रम अन्तर्गतका रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गरी रोजगार सेवा केन्द्रमार्फत प्रदेशको सम्बन्धित मन्त्रालय र मन्त्रालयमा प्रतिवेदन गर्ने,

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको यस कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरु सम्पादन गर्ने ।

४४. **रोजगार सेवा केन्द्र** : (१) हरेक स्थानीय तहमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयको संरचना भित्र रही कार्य गर्ने गरी ऐनको दफा १० बमोजिम स्थापना भएको एक रोजगार सेवा केन्द्र रहनेछ ।

(२) रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची स्वीकृतिका लागि गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट स्वीकृत भएको बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी सूचिकृत गर्ने र सूचिकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचयपत्र वितरण गर्ने,

(ग) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगारीका अवसरको नक्शांकन गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेख राख्ने,

(घ) विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाउने,

(ङ) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसर हरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(च) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने तथा माग भई आएको अवस्थामा रोजगारदातालाई बेरोजगार व्यक्तिको सूचीबाट श्रमिक उपलब्ध गराउने,

(छ) बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालीम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने,

(झ) आफ्ना काम कारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने,

(ञ) यस कार्यक्रम र रोजगारी सम्बद्ध अन्य विषयमा मन्त्रालयमा र प्रदेशको सम्बन्धित मन्त्रालयमा रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत नियमित प्रतिवेदन गर्ने,

(ट) स्थानीय तहभित्रको वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने,

(ठ) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने,

(ड) आन्तरिक रोजगारी प्रवर्द्धन गर्नमा संलग्न सार्वजनिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने,

Gaumukhi Rural Municipality
Office of Rural Municipality Executive
Puja Pyuthan
Lumbini Province, Nepal

४५. **रोजगार संयोजक** : (१) दफा ४४ को उपदफा (२) बमोजिमको रोजगार सेवा केन्द्रका कार्यहरु सम्पादन गर्नु रोजगार संयोजकको जिम्मेवारी हुनेछ ।

(२) रोजगार संयोजकले समग्र कार्यक्रमको सम्बन्धमा मन्त्रालयप्रति र कार्यान्वयनको सन्दर्भमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाप्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ ।

(३) कार्यक्रमका सम्बन्धमा मन्त्रालयले समय समयमा दिएका निर्देशनको पालना गर्नु रोजगार संयोजकको कर्तव्य हुनेछ ।

(४) कार्यक्रमको सूचना व्यवस्थापन र प्रतिवेदनका सम्बन्धमा रोजगार संयोजकले प्रदेशको सम्बन्धित विषय हेर्ने मन्त्रालयसँग आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ ।

(५) रोजगार संयोजकले गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण, निर्देशन र नियन्त्रणमा रही कार्य गर्नेछ ।

४६. **वडा कार्यालयहरु** : यो कार्यक्रमका सम्बन्धमा वडा कार्यालयले देहायका कार्यहरु गर्नेछन् :

(क) वडाभरीका बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा दर्ताका लागि दिएको निवेदन संकलन गर्ने र रोजगार सेवा केन्द्रमा बुझाउने,